रुरुक्षेत्र गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः २ मितिः २०७७/०३/०१(अतिरिक्तांक)

भाग-१

**रुरुक्षेत्र** गाउँपालिका

गुल्मी, ५ नं.प्रदेश

## रुरुक्षेत्र गाउँपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी )(संसोधन) ऐन २०७७

सम्बत २०७७ को ऐन नं. २ गाउँसभाबाट ***स्वीकृत*** मिति :२०७७।०३।०१

प्रस्तावना

न्यायिक समितिले प्रचलित कानून वमोजिम उजुरीको काबाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ लाई समसामयिक रुपमा संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ को उपधारा (१) बमोजिम रुरुक्षेत्र गाँउपालिकाको मिति २०७७।०३।०१ मा बसेको सातौ गाउँसभा बैठकले न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्वन्धमा व्यवस्था गर्न बनेको (संशोधन) ऐन, २०७७ स्वीकृत गरेको छ ।

परिच्छेद (१)

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम रुरुक्षेत्र गाउँपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धि ) ( संशोधन) ऐन २०७७ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

'मेलमिलाप'' भन्नाले समिति समक्ष परेको उजुरीबाट शुरु भएको प्रचलित कानुन बमोजिम समितिले कारवाही किनारा गर्दा दुबै पक्षको सहमतिमा मिलापत्र उराई उजुरी टुङ्गयाउने कार्य सम्झनुपर्दछ ।

३.रुरु गाउँपालिकाको न्यायिक समिति कार्यविधि सम्बन्धी ऐन २०७५ (यसपछि मूल ऐन भनिएको ):दफा ५९को उपदफा १ को (क) संशोधनः

(१) मूल ऐनको दफा ६० उपदफा १ (क) को सट्टा देहाएको उपधारा (क) राखिएकोछ ।

(क) कम्तीमा १०+२ वा सो सरह उत्तीर्ण गरेको ।

(२) मूल ऐनको दफा ६० को उपदफा (१) (घ) झिकिएको छ ।

(घ)..........................................................................................।

४. मूल ऐनको दफा ६० को उपदफा (२) मा संशोधनः

(१) मूल ऐनको दफा ६० को उपदफा )२) मा रहेको "सभा समक्ष'' भन्ने शव्दहरुको सट्टा देहाएको शव्दहरु राखिएको छ ।

"गाउँपालिका समक्ष"

५. मूल ऐनको दफा ६० को उपदफा (३) पछि देहाएबमोजिम उपदफा (४) र (५) थपिएको छ ।

(४) मेलमिलापकर्तामा सूचीकृत भएका मेलमिलापकर्ताहरुलाई मेलमिलापकर्ता तालिम प्रदान गरिने छ ।

(५) उपदफा (४) बमोजिमको तालिम प्राप्त गरेपछि माात्र मेलमिलापकर्ताहरु मेलमिलापकोलागि योग्य हुनेछन् ।

प्रमाणिकरण मिति :२०७७।०३।०१

आज्ञाले

चेतनाथ गिरी